मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ६ मितिः २०८०/१०/१४

## भाग-२

## मध्यविन्दु नगरपालिका

# हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१०/१४
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०८०/१०/१४
राजपत्रमा प्रकाशित मितिः २०८०/१०/१४

**प्रस्तावना:** मध्यविन्दु नगरपालिका अन्तरगत रहेका सामुदायिक तथा संस्थागत विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा बालबालिकाहरुमा विचारशिलता, समालोचनात्मक सोचाइ र प्रतिबिम्बन, सामाजिक संवेगात्मक सिप, आत्मविश्वास र खुसीपूर्ण व्यक्तित्व विकासको लागि हाम्रो खुसी पाठ्यक्रम निर्माण, अध्ययन, अनुसन्धान, प्रवोधीकरण गर्दै प्रभावकारी तवरबाट कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले मध्यविन्दु नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४ को अनुसूची १ (सि.नं. ५) वमोजिम मध्यविन्दु नगर कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भ तथा परिभाषा

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

१.१.१ यस निर्देशिकाको नाम '**हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०८०'** रहेको छ।

१.१.२ यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भइ प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

**१.२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

१. 'ऐन' भन्नाले मध्यविन्दु नगरपालिकाको शिक्षा ऐन २०७८ सम्झनुपर्दछ।

२. 'निर्देशिका' भन्नाले '**हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०८०'** लाई सम्झनु पर्दछ।

३. 'कार्यपालिका ' भन्नाले मध्यविन्दु नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

४. 'कार्यालय' भन्नाले मध्यविन्दु नगर कार्यपालिकाको कार्यालय सम्झानु पर्दछ।

५. 'कार्यक्रम' भन्नाले हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कार्यक्रम सम्झनु पर्दछ।

६. 'नगर शिक्षा समिति 'भन्नाले मध्यविन्दु नगर शिक्षा ऐन, २०७८ बमोजिम गठित मध्यविन्दु नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

७. 'वडा शिक्षा समिति' भन्नाले मध्यविन्दु नगर शिक्षा ऐन, २०७८ बमोजिम प्रत्येक वडामा गठित वडा शिक्षा समितिलाई सम्झनु पर्दछ।

८. 'महाशाखा ' भन्नाले मध्यविन्दु नगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखा सम्झनु पर्दछ।

९. 'विद्यालय व्यवस्थापन समिति' भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

१०. 'सामुदायिक विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ।

११. 'संस्थागत विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ।

मध्यविन्दु नगरपालिका

## परिच्छेद-२
## कार्यक्रमको उद्देश्य

२.१ यस कार्यक्रमको उद्देश्य देहायबमोजिम रहेको छ

क) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेको तर विद्यालयको स्वयम्  शिक्षण सिकाइ प्रक्रियामा समावेश गर्न कठिन रहेका मानवीय मूल्यसंग सम्बन्धित क्षेत्रहरुलाइ समेट्दै हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु ।

ख) विद्यार्थीहरुमा सकारात्मक सोचको विकास गर्नु, सिर्जनशील बनाउनु, मानव मूल्य, आफैलाई बुझ्ने, सम्बन्धलाई बुझ्ने, सहभागिताकलाई बुझ्ने, सहअस्तित्वलाइ  बुझ्ने, मानव र प्रकृति विचको सम्बन्ध बुझी सोहि अनुसार आचरण गर्ने जनशक्ति तयार गर्नु ।

ग) सभ्य, सुसंस्कृत, आत्मविश्वासी र आत्मनिर्भर तथा स्वावलम्बी नागरिक निर्माण गर्नु

## परिच्छेद ३
## निर्देशक समिति सम्बन्धी व्यवस्था

३.१ हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा  कार्यान्वयन कार्यक्रमको अनुगमन, व्यवस्थापन, निर्देशन, सुझावको लागी नगरपालिकास्तरमा एक निर्देशक समिति रहनेछ जसमा देहायका पदाधिकारी रहनेछन ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ङ) महाशाखा प्रमुख | सदस्य |
| च) महाशाखाको शिक्षा अधिकृत | सदस्य |
| छ) पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्रको संयोजक | सदस्य |
| ज) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्याकमध्ये बाट शिक्षा समितिले मनोनित २ जना | सदस्य |
| झ) विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमध्ये बाट नगर शिक्षा समितिले मनोनित १ जना | सदस्य |
| ञ) कार्यक्रम संयोजक | सदस्य सचिव |

३.२ दफा ३.१ बमोजिमको निर्देशक समितिको मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ । तर जुन संस्था वा जिम्मेवारीबाट प्रतिनिधित्व हुने गरी सदस्य मनोनयन गरिएको हो सोही जिम्मेवारीमा नरहेमा उक्त पद स्वतः रिक्त भएको मानिनेछ ।

३.३ यस समितिको वैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ ।

३.४ यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम रहने छ-

क) हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने सम्बन्धमा कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने ,

ख) पाठ्यक्रम निर्माण कार्यान्वयन तथा परिमार्जन सम्बन्धमा आवश्यक स्रोत साधन तथा सामग्री व्यवस्थापनमा सहजीकरण गर्ने,

ग) पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा आवश्यक उपसमिति गठन गरी जिम्मेवारी तोक्ने,

घ) कार्यक्रमको मुल्यांकन, अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयन समिति

४.१ कार्यक्रमको कार्यान्वयन तथा अनुगमन गर्नको लागि नगरपालिकास्तरमा देहायको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ

| | |
|---|---|
| क) महाशाखा प्रमुख | संयोजक |
| ख) महाशाखाको अधिकृत कर्मचारी तथा स्रोत शिक्षक २ जना | सदस्य |
| ग) पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्रको संयोजक | सदस्य |
| घ) पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्रका सदस्यमध्ये केन्द्रले मनोनित गरेको २ जना | सदस्य |
| ङ)नगरपालिकास्तरीय खुसी पाठ्यक्रम स्रोत शिक्षकमध्येबाट निर्देशक समितिले मनोनित गरेको १ जना | सदस्य |
| च) विद्यालयस्तरीय खुसी पाठ्यक्रम स्रोत शिक्षकमध्येबाट निर्देशक समितिले मनोनित गरेको १ जना | सदस्य |
| छ) कार्यक्रम संयोजक | सदस्य सचिव |

४.२ दफा ४.१ बमोजिमको कार्यक्रम कार्यान्वयन समितिको मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ । तर जुन संस्था वा जिम्मेवारीबाट प्रतिनिधित्व हुने गरी सदस्य मनोनयन गरिएको हो सोहि जिम्मेवारीमा नरहेमा उक्त पद स्वतः रिक्त भएको मानिनेछ ।

४.३ यस समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

४.४ समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम रहनेछन-

क) 'हाम्रो खुसी' पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

ख) विद्यालयहरुमा निरन्तर अनुगमन तथा सुपरीवेक्षण गर्ने तथा विद्यालयहरुलाई आवश्यक प्राविधिक सहयोग गर्ने,

ग) कार्यक्रम संचालनका क्रममा आवश्यक स्रोतको लागि निर्देशक समितिमा सिफारिस गर्ने,

घ) कार्य संचालन गर्नु पूर्व आवश्यक प्रश्नावली निर्माण गरी Base line Survey गर्ने ।

ङ) कार्यक्रमको नियमित रुपमा समीक्षा गर्ने,

च) विद्यालय शिक्षा संग सम्बन्धित अन्य पक्षको समेत नियमित अनुगमन, सुपरिवेक्षण तथा विद्यालयलाई आवश्यक प्राविधिक सहयोग गर्ने,

छ) कार्यक्रम कार्यान्वयनका लागि कार्यालय, निर्देशक समिति, विद्यालय र सरोकारवाला निकायहरु संग समन्वय गर्ने,

ज) निर्देशक समितिमा प्रगति प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद -५

## पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था

५.१ मध्यविन्दु नगरपालिकाको हाम्रो खुसी पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा प्रभावको अध्ययन, अनुसन्धान गर्ने तथा पाठ्यक्रम संसोधन तथा परिमार्जन लगायतका विषयमा नगरपालिकालाई आवश्यक सहजीकरण, तथा सुझावको लागि महाशाखाको मातहतमा रहने गरी एक पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्र (Curriculum Study and Research Centre- CSRC) रहनेछ।

५.२ केन्द्रमा तपशिलको पदाधिकारी रहने गरी एक कार्यकारी समिति रहनेछ।

| | |
|---|---|
| क) सामुदायिक विद्यालयको वारिष्ठतम प्रधानाध्यापकहरु मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना | संयोजक |
| ख) नगर शिक्षा समितिबाट मनोनित विषयविज्ञ २ जना | सदस्य |
| ग) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको दुईजना | सदस्य |
| घ) पाठ्यक्रम सम्बद्ध शिक्षकहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना | सदस्य |
| ङ) नेपाली भाषा शिक्षकहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना | सदस्य |
| च) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापकमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना | सदस्य |
| छ) नगरपालिकाको स्रोत शिक्षक | सदस्य सचिव |

५.३ समितिको वैठकमा आवश्यकताअनुसार नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समितिका पदाधिकारी, महाशाखाका कर्मचारी र अन्य सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

५.४ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहनेछन-

(क) जीवनमूल्य एवम् खुसीपूर्ण शिक्षा सहअस्तित्व बोध शिक्षा एवम् जीवनोपयोगी शिक्षाको मूल दर्शनमा आधारित रही नगरपालिकाको परिवेश अनुकूलको पाठ्यक्रम तर्जुमा गर्ने,

(ख) विद्यार्थीमा विचारशीलता, समालोचनात्मक सोचाइ र प्रतिबिम्बन, सामाजिक संवेगात्मक सिप, आत्मविश्वास र खुसीपूर्ण व्यक्तित्वको विकासका लागि आवश्यक शिक्षणविधि समावेश हुने गरी पाठ्यक्रम निर्माण गर्ने,

(ग) मध्यविन्दु नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयमा लागु गरिने पाठ्यक्रम कार्यान्वयन प्रयोजनार्थ शिक्षकलाई दक्ष बनाउन आवश्यकतानुसार शिक्षक प्रशिक्षण, कार्याशाला तथा सेमिनार सञ्चालनमा सहजीकरण गर्ने,

(घ) पाठ्यक्रम निर्माणका लागि प्रारम्भिक रुपमा बढीमा २५ सदस्य रहने गरी पाठ्यक्रम मस्यौदा लेखन कार्यदल गठन गर्ने,

(ङ) पाठ्यक्रम कार्यान्वयन पछि अनुगमन तथा मूल्यांकन गरी शिक्षा युवा तथा खेलकुद महाशाखामा सुझाव प्रतिवेदन पेश गर्ने,

(च) पाठ्यक्रम तयार गरी टङ्कण, मुद्रणको व्यवस्थामा सहजीकरण गर्ने,

(छ) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन तथा नगरपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि छलफल, अन्तरक्रिया, भ्रमण, सेमिनार तथा गोष्ठीहरु संचालनका लागि सहजीकरण गर्ने,

(ज) अपेक्षित शैक्षिक उपलब्धिको आवधिक समीक्षा गरी महाशाखामा सुझाव पेश गर्ने,

(झ) केन्द्रको आवश्यकतानुसार पाठ्यक्रम लेखक तथा शिक्षण सहयोगी पुस्तिका लेखन कार्यदल गठन गर्ने,

(ञ) समितिले प्रत्येक वर्ष कार्ययोजना सहितको अनुमानित बजेट प्रस्ताव गरी महाशाखा समक्ष पेस गर्ने

५.६ समितिको पदावधि २ वर्षको रहनेछ तर देहायको अवस्थामा समितिको सदस्यको पद रिक्त रहेको मानिनेछ।

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठिक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निजको मृत्यु भएमा।

**५.५. पदबाट हटाउन सक्ने:**

१) पदाधिकारी वा सदस्यले कार्यक्रमको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव देखिएमा नगर शिक्षा समितिले पदबाट हटाउन सक्नेछ।

२) उपदफा (१) बमोजिम केन्द्रका सदस्यलाई पदबाट हटाउनु अघि मनासिव सफाइको मौका दिनु पर्ने छ।

**परिच्छेद ६**

**कार्यक्रम संचालन प्रक्रिया**

६.१ हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको कार्यक्रम संचालन प्रक्रिया देहायबमोजिम हुनेछ-

क) पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्र मध्यविन्दु (CSRC) स्थापना।

ख) हाम्रो खुसी पाठ्यक्रम निर्माणका लागि सरोकारवालाहरुको धारणा संकलन र कार्यशाला संचालन गर्ने।

ग) पाठ्यक्रम निर्माणका लागि मस्यौदा समिति छनौट गरी तयार पार्न जिम्मेवारी तोक्ने।

घ) कक्षागत रुपमा तयार पारिएको पाठ्यक्रम वा शिक्षक हातेपुस्तकको मस्यौदालाई थप परिमार्जन गर्न कक्षागत रुपमा कक्षा संयोजक तोकी जिम्मेवारी दिने।

ङ) कक्षा संयोजकद्वारा तयार पारिएको परिमार्जित पाठ्यक्रम वा शिक्षक हातेपुस्तकलाई सम्पादन समितिबाट अन्तिम सम्पादन गरी तयार गर्ने।

च) सम्पादन समितिले अन्तिम सम्पादन गरे पश्चात पाठ्यक्रमको अन्तिम रुप दिई छपाई कार्य गर्ने।

छ) तयार पारिएको पाठ्यक्रम वा शिक्षक हातेपुस्तकलाई Piloting का लागि विद्यालय छनौट गरी कार्यान्वयनमा लैजाने।

ज) Piloting का चरणमा देखिएका असल अभ्यास र चुनौती तथा सुधार गर्नुपर्ने पक्षलाई पहिचान गरी पूर्णरुपमा कार्यान्वयनमा लैजानुपूर्व थप परिमार्जित गर्ने।

मध्यविन्दु नगरपालिका

झ) नगरपालिकास्तरीय हाम्रो खुसी पाठ्यक्रम कार्यान्वयनका क्रममा विद्यालयस्तरीय खुसी स्रोत शिक्षकहरुलाई प्राविधिक सहयोग गर्नको लागि कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा निर्देशक समितिले नगरस्तरीय बढीमा ९ जना खुसी स्रोत शिक्षक (Madhyabindu Happiness Resource Teacher-MHRT) छनौट गर्न सक्नेछ। उक्त शिक्षक छनौट गर्दा नगरपालिका भित्र अध्यापनरत खुसी पाठ्यक्रम निर्माण सम्बन्धमा कार्यशालामा सहभागी भएका तथा कम्तिमा ३ वर्ष नगरपालिकाको खुसी स्रोत शिक्षकको रुपमा कार्य गर्न मञ्जुर भएका शिक्षकलाइ छनौट गर्नुपर्ने छ ।

ञ) विद्यालयस्तरमा कक्षागत स्रोत शिक्षकहरुलाई प्राविधिक सहयोग गर्न प्रत्येक विद्यालयमा १/१ जना (School Happiness Resource Teacher-SHRT) छनौट गरी उनीहरुका लागि कार्यशाला संचालन गर्ने । (School Happiness Resource Teacher-SHRT) छनौट विद्यालयहरुले शिक्षक स्टाफको बैठकबाट सक्षम तथा नेतृत्व गर्न सक्ने, तालिम संचालन गर्न सक्ने शिक्षकलाइ छनौट गर्नुपर्ने छ ।

ट) हाम्रो खुसी पाठ्यक्रम पूर्ण रुपमा सबै विद्यालयहरुमा कार्यान्वयन गर्ने ।

ठ) तालिम संचालन गर्दा ३ वटा क्लस्टर बनाई संचालन गर्न सकिनेछ ।

ड) हाम्रो खुसी पाठ्यक्रम कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउन बालबालिकाहरुलाई घरमा सोधपुछ गर्ने, छलफल गर्ने, सिकेका कुरा बताउने जस्ता कार्यमा सकारात्मक सहयोग पुर्याउन क्षेत्रगत क्लस्टर निर्माण गरी अभिभावक अभिमुखीकरण तथा अभिभावक सचेतना कार्यक्रम संचालन गर्ने ।

ढ) कार्यक्रम प्रभावकारी बनाउन र स्रोत शिक्षकहरुलाई प्राविधिक सहयोग गर्न नियमित अनुगमन, सुपरीवेक्षण, परामर्श र नमुना क्रियाकलाप प्रदशन एवं अन्तरक्रिया साथै बैठक संचालन गर्ने ।

ण) कार्यक्रमको बजेट खर्च प्रचलित कार्य संचालन निर्देशिका तथा मापदण्डभित्र रही गरिनेछ ।

६.२ कार्यक्रम लागु गर्नका लागि विद्यालय शिक्षाको राष्ट्रिय शिक्षा पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेको विषयगत पाठ्यभार तथा कार्यघण्टामा असर नपर्ने गरी प्रत्येक दिन कम्तिमा ३० मिनेटको पहिलो घन्टी व्यवस्थापन गर्नु सम्पूर्ण विद्यालयको कर्तव्य हुनेछ ।

## परिच्छेद ७
## कार्यक्रम संयोजक सम्बन्धी व्यवस्था

७.१ कार्यक्रम संयोजक सम्बन्धी व्यवस्था

७.१.१ कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गर्नका लागि एक कार्यक्रम संयोजक रहने छ ।

७.१.२ कार्यक्रम संयोजकको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन-

क) हाम्रो खुसी पाठ्यक्रम निर्माण कार्यमा सहजीकरण गर्ने,

ख) 'हाम्रो खुसी' पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको कार्ययोजना बनाइ कार्यान्वयन गर्ने,

ग) कार्यक्रमको नियमित रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने तथा शिक्षा सरोकारवालाहरु प्राविधिक सहयोग गर्ने,

घ) कार्यक्रमको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

मध्यबिन्दु नगरपालिका

ङ) शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विद्यालयहरुको नियमित अनुगमन, सुपरीवेक्षण, शिक्षकलाई सहजीकरण र पेशागत सहयोग वैठक संचालन, तालिम संचालन र व्यवस्थापन जस्ता कार्य गर्ने,

च) क्षेत्रगत क्लस्टर निर्माण गरी अभिभावक अभिमुखीकरण तथा अभिभावक सचेतना कार्यक्रम संचालन गर्ने,

छ) कार्यक्रम कार्यान्वयनका लागि कार्यालय, निर्देशक समिति, महाशाखा, कार्यक्रम कार्यान्वयन समिति, विद्यालय र सरोकारवाला निकायहरुसंग समन्वय गर्ने

ज) कार्यक्रम संचालन गर्नु पूर्व आवश्यक Base line Survey गर्ने।

झ) कार्यक्रम निर्देशक समिति र कार्यक्रम कार्यान्वयन समितिको सदस्य सचिव भइ कार्य गर्ने।

ञ) कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**७.२ कार्यक्रम संयोजक छनौट**

**७.२.१ कार्यक्रम संयोजकको योग्यता निम्नानुसार रहने छ-**

क) मान्यता प्राप्त शिक्षणसंस्थाबाट कम्तिमा स्नातकोत्तरतह उत्तीर्ण गरी कम्तिमा १० वर्ष अध्यापन वा शैक्षिक सुपरीवेक्षण तथा शिक्षक तालिम सम्बन्धी अनुभव प्राप्त गरेको,

ख) नेतृत्व विकास र व्यवस्थापन सिप भएको,

ग) शिक्षा सम्बन्धी तालिम दिएको वा तालिम दिन सक्ने क्षमता भएको,

घ) असल आचरण भएको,

ङ) हाम्रो खुसी पाठ्यक्रम सम्बन्धमा अनुभव भएको ,

च) कम्तिमा ३० वर्ष पुरा भइ ६० वर्ष ननाघेको नेपाली नागरिक।

**७.२.२ कार्यक्रम संयोजकको छनौट गर्नको लागि देहायको पदाधिकारी रहेको छनौट समिति रहनेछ-**

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख | सदस्य |
| ग) नगर कार्यपालिकाले तोकेको विज्ञ १ जना | सदस्य |
| घ) प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

**७.२.३ कार्यक्रम संयोजकको छनौट प्रक्रिया देहायबमोजिम रहनेछ-**

क) छनौटको लागि ७.२.१ मा व्यवस्था भए बमिजिमको योग्यता पुगेका नेपाली नागरिकको लागि कार्यपत्र सहितको आवेदन माग गरी कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्ने,

ख) छनौट समितिले न्युनतम योग्यता पुगेका उम्मेदवारको अनुसूची १ मा व्यवस्था भएबमोजिमको आधारमा रही मूल्यांकन गर्नेछ। कार्यपत्रको मुल्यांकन गर्दा समितिका सदस्यले छुट्टा छुट्टै मूल्यांकन गर्नुपर्ने छ।

ग) समितिका सवै सदस्यको मूल्यांकन गरेको अंकलाइ औषत अंक कायम गरि नतिजा प्रकाशन गर्ने,

७.२.४ कार्यक्रम संयोजकले नेपाल सरकारको शाखा अधिकृत सरहको पारिश्रमिक पाउनेछ। कार्यक्रम संयोजकको संचार खर्च, यातायात खर्च र फिल्ड भत्तासम्बन्धी सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ। नगरपालिका क्षेत्रबाहिर कार्यक्रम सम्बन्धी कामको सिलसिलामा जानुपर्ने भएमा नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिने छ।

७.२.५ यस निर्देशिका बमोजिम कार्यक्रम संयोजक नियुक्ति नहुँदासम्म वा रिक्त भएको अवस्थामा कार्यालयले तोकेको कर्मचारीले कार्यक्रम संयोजकको भूमिकामा कार्य गर्न सक्नेछ।

## परिच्छेद-८
## खुसी शुक्रवार (Happy Friday) सम्बन्धी व्यवस्था

८.१ मध्यविन्दु नगरपालिकाले विद्यालयस्तरमा सबै विद्यार्थीहरुलाई पाठ्यक्रमले तोकेको क्षेत्र र विषयवस्तुको शिक्षण तथा शिक्षण सिकाइ क्रियाकलापको साथसाथै शारीरिक रुपमा स्वस्थ, सिपयुक्त, सिर्जनशील, श्रमप्रति सम्मान गर्ने र स्वावलम्बी तथा आयआर्जनप्रति आकर्षित बनाउन साथै उल्लिखित कार्यक्रमलाई पाठ्यक्रमले निर्दिष्ट गरेको मूल्यांकन पद्दति अन्तरगतको आन्तरिक मूल्यांकनसँग पनि जोड्दै Happy Friday कार्यक्रम संचालन गरिनेछ।

८.२ **खुसी शुक्रवार (Happy Friday)** कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि नगरपालिकास्तरीय अनुगमन तथा व्यवस्थापन समिति गठन गरिनेछ भने विद्यालय स्तरमा उपसमिति गठन गरी संचालन गरिनेछ।

८.३ खुसी शुक्रवार (Happy Friday) कार्यक्रमको लागी विद्यालयले कार्ययोजना निर्माण गरी वडा शिक्षा समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ।

८.४ खुसी शुक्रवार (Happy Friday) कार्यक्रमको अन्य व्यवस्था कार्यविधिमा तोकिएबमोजिम हुनेछ।

## परिछेद-९
## बजेट

९.१ यस कार्यक्रमको लागि आवश्यक पर्ने बजेट नगरसभाले बिनियोजन गरेबमोजिम हुनेछ।

९.२ यस कार्यक्रम संचालनको लागि नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार वा अन्य निकायसँग सहकार्य गर्न सक्नेछ।

## परिच्छेद १०
## विविध

१०.१ यो कार्यक्रमको मूल्यांकन नगरपालिकाको साथसाथै तेश्रो पक्ष बाट समेत गर्न सकिनेछ।

**१०.२ व्याख्या तथा बाधा अड्काउ फुकाउ**

१०.२.१ यस निर्देशिकाको कार्यान्वयनमा कुनै दुविधा परेमा नगर कार्यपालिकाले आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१०.२.३ यस निर्देशिका अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**१०.३ खारेजी र बचाउ**

१०.३.१. पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०८० खारेज गरिएको छ।

१०.३.२ यस निर्देशिका जारीहुनु पूर्व हाम्रो खुसी पाठ्यक्रम निर्माण सम्बन्धी भए गरेको कार्य यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

मध्यविन्दु नगरपालिका

**अनुसूची-१**

**निर्देशिकाको परिच्छेद ७ को ७.२.३ (ग) संग सम्बन्धीत**

मुल्यांकनका आधार

१) सम्बन्धित नगरपालिका भित्रको भएमा १० अंक, सम्बन्धित जिल्लाको भएमा ८ अंक , जिल्ला बाहिरको नेपाली नागरिक भएमा ६ अंक

२) अध्यापन वा शैक्षिक सुपरिवेक्षण सम्बन्धी १० वर्षको अनुभव भएमा ५ अंक र कम्तिमा १५ वर्षभन्दा बढीको अनुभव भएमा ७ अंक

३) शिक्षक तालिम सम्बन्धी कार्यमा कम्तिमा ५ वर्षसम्मको अनुभव भएमा ५ अंक, कम्तिमा ८ वर्षको अनुभव भएमा ७ अंक र कम्तिमा १० वर्षको अनुभव भएमा ८ अंक

४) नेपाल वा कुनै अन्य देशमा हाम्रो खुसी पाठ्यक्रम निर्माण वा कार्यान्वयनमा सहभागी भएको अनुभव भएमा ५ अंक

५) कार्यपत्र -७० अंक, यस अन्तर्गत देहाय वमोजिम अंक विभाजन गरी मूल्यांकन गरिनेछ।

| क्र.स | आधार | अंक |
|---|---|---|
| १ | पृष्ठभुमि | ५ |
| २ | कार्यक्रमको उद्देश्य/ औचित्य | १० |
| ३ | कार्यक्रम संचालन प्रक्रिया | २० |
| ४ | कार्ययोजना | १० |
| ५ | अनुगमन तथा मुल्यांकन | १० |
| ६ | जोखिम आकलन तथा निराकरणको उपाय विश्लेषण | १० |
| ७ | समग्र | ५ |

नोट: कार्यपत्र करिव १००० शब्दमा हुनुपर्ने छ

आज्ञाले,
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

मध्यविन्दु नगरपालिका